# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# न्यायिक समिति

जामुनबारी झापा, कोशी प्रदेश

**पत्र सं.: २०८१/०८२**

**चलानी नं:**

**मितिः- २०८१।४।२३**

## मेलमिलापकर्ताको सूची अद्यावधीक गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कनकाई नगरको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७४ को दफा ५८ बमोजिम मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नुपर्ने प्रावधान अनुसार आ.व. २०८१/०८२ को लागि यस कनकाई नगरपालिकामा मेलमिलापकर्ताको रूपमा कार्य गर्न इच्छुक मेलमिलापकर्ताहरूलाई सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१ श्रावण २८ गते सम्म) भित्र देहायका कागजात सहित तालिम प्राप्त मेलमिलापकर्ताहरूलाई सूचिकृत हुनको लागि कनकाई नगरपालिका न्यायिक समितिमा उपस्थित भई निवेदन पेश गर्नुहुन अनुरोध छ। साथै सूचिकृत नभएका मेलमिलापकर्ताहरूले मेलमिलाप सम्बन्धी कुनै पनि कार्यमा सहभागि हुन नपाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

१) व्यक्तिगत निवेदन

२) नागरिकता प्रमाण पत्रको फोटोकपी

३) मेलमिलाप सम्बन्धी तालिमको प्रमाण-पत्रको प्रतिलिपी

४) २५ बर्ष उमेर पुरा भएको

५) पासपोर्ट साईज फोटो १ प्रति

२०८१।०४।२३

.................

उजुरी प्रशासक